# गण्डकी प्रदेशको समृद्धिमा दुई बर्षका उपलब्धी, समस्या र समधानका उपायहरु

प्रतिनिधीशभा बिकास तथा प्रबिधि समितिले आयोजना गरेको बिकास तथा समृद्धिमा अन्तरतह समन्वय कार्यशालामा प्रदेश सरकारको तर्फवाट प्रस्तुत कार्यपत्र


डा.गिरिधारी शर्मा पौडेल

उपाध्यक्ष

प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

Website: ppc.gandaki.gov.np

Email: giridharisp@gmail.com


७–८ फाल्गुण २०७५

# यस प्रस्तुतीमा समाबेस भएका मुख्य बिषयहरु

- समृद्धि के हो र कसरी प्राप्त हुन्छ ?
- बिक्रम सम्बत २१०० मा गण्डकी प्रदेशको अपेक्षित समृद्धि कस्तो हो ?
- गण्डकी प्रदेश समृद्धिका अल्पकालिन, मध्यकालिन र दीर्घकालिन लक्ष्य के हुन ?
- प्रदेशका उच्च प्राथमिकता प्राप्त आयोजनाहरु के हुन ?
- बिगत दुई बर्षमा गण्डकी प्रदेशका मुख्य उपलब्धी के हुन ?
- प्रदेशका समस्या र समधानका उपाय के हुन ?

# समृद्धि के हो?

## समृद्धि बारे बिभिन्न क्षेत्रको बुझाइ

### १. शब्दकोष

- जनताको उच्च जिबनस्तर, कार्यमा सफलता र प्रशस्त धन भएको अबस्था समृद्धि हो ।
- जनताको उन्नत स्थिती, बित्तिय सफलता र राम्रो भबिस्य भएको अबस्था समृद्धि हो ।

### २. अर्थशास्त्र

दिगो उच्च आर्थिक बृद्धि, बढदो नाफा र पुर्ण रोजगारी भएको अबस्था समृद्धि हो ।

### ३. बाणिज्यशास्त्र

पुर्ण रोजगारी, उच्च आय र क्रयशक्ति र न्युन मुद्रास्फ्रीति भएको अबस्था समृद्धि हो ।

# समृद्धि के हो?

## ४.औषधी बिज्ञान

पैसाले आनन्द खरिदगर्न सकिंदैन तसर्थ असल स्वास्थ मानबजातीको आनन्द, धन र समृद्धि हो ।

## ५. अथर्ब बेद

कडा मेहनत गरेर प्रशस्त धन कमाउनु र दान गर्नु समृद्धि हो ।

## ६. बुद्ध धर्म

सामुहिक आध्यात्मिकता र त्यसवाट आउने आनन्द समृद्धि हो ।

## ७.क्रिस्चियन धर्म

समृद्धि स्वास्थ, धन, सफलता र बिश्वास हो । यो आर्थिक आसिष र शारीरिक भलाइ पनि हो र परमेश्वरको इच्छा अनुसार प्राप्त हुन्छ ।

# समृद्धि के हो?

## ८. इस्लाम धर्म

समद्धि परमेश्वरको उपहार हो ।

## ९. ब्यापारी

सकारात्मक सोच र धारणाले धन, शान्ति र सुख प्राप्त गर्नु समृद्धि हो ।
अनुराग प्रकाश रे

## १०.लेखक

समृद्धि सोच्ने र जिउने एक बाटो हो र यो भैतिक सुख र पैसामात्र होइन ।
इरिक वटरवर्थ

## ११. पैाराणिक धार्मिक पात्र

घैटोमा सफा पानी राख र जातजाति, धनी, गरिब नछुट्याइ सबैलाइ पिउन देउ र यस्ले तपाइका गल्ती न्युन गर्दछ, घरमा श्रीखण्ड राख यसले गलत धारणा हटाउंछ, शरास्वतीको मुर्ति राख यसले कसैले चोर्न नसकिने बिद्या धन दिन्छ त्यस्तैगरी घरमा मह र सुद्ध गाइको घिउ राख र यीनले अर्थिक समृद्धिको ढोका खोल्छन । श्री कृष्ण

# समृद्धि के हो?

## समृद्धि बारे निस्कर्ष

समृद्धि एक उन्नत अबस्था हो जहां बुद्धि र बिवेकको उच्चतम अभ्यास भएको हुन्छ, सबैलाइ रोजगार उपलब्ध हुन्छ, हरेक ब्याक्तिले आंफनो आत्मसम्मान महसुस गरेको हुन्छ र अनुसन्धानले नयां प्रबिधी सृजना गरी जनतालाइ धनी र सुखी बनाएको हुन्छ । समृद्धि मानिसको बुद्धि, सृजना, मेहनत, काम र उत्पादनको उपज हो

# समृद्धि कसरी प्राप्त हुन्छ?

## क.लेखक

१. पैसाको मात्र पछि नलागि  जिबनमा चाहिने सबै प्राप्त गर्ने उद्देश्य राखेर कामगरे समृद्धि प्राप्त हुन्छ।  वेन डायर

२. धेरै प्रेम बांडेपछि समृद्धि प्राप्त हुन्छ। विलियम शेक्सपियर

## ख.ब्यापारी

३.धन र मनको सकारात्मक सम्बन्ध बनाउने, ज्ञानमा आधारित ब्याबसायीक रणनीति बनाउने, निर्दिष्ट दिशा तय गरेर लगातार काम गर्ने र उच्च मनोबलका साथ ब्याबसायी क्षमता प्रदर्शन गरे समृद्धि प्राप्त हुन्छ।

## ग.राजनितिज्ञ

४.सस्ता र राम्रा सामाजिक सेवाहरु प्रदान गर्ने, सम्पुर्ण श्रम वलको लागि रोजगार सृजना गर्ने, सबै नागरिकको सुरक्षा प्रत्याभुती गर्ने र आर्थिक बजारमा प्रतिसपर्धा गर्न नवबिचार को बढवा गर्नाले समृद्धि प्राप्त हुन्छ।

## समृद्धि प्राप्त गर्नेबारे राजनेता?

### ५. बराक ओबामा, अमेरिका

“मैले धारासायी हुनलागेका बैंकमा ८२५ खरब (ट्रिलियन) डलरको उत्तेजना प्याकेज लागु गरे र अमेरिकी अर्थतन्त्रलाइ समृद्धिको बाटो देखाए”

### ६. सेख हसिना, बङ्गालादेश

“बङ्गालादेश एक आधुनिक सफलताको कहानि भएको देश हो। यो अहिले मध्य आय भएका देशको समुहमा सामेल भएको छ। सन १९९१ देखि २०1० को बिचमै हामिले दुइकरोड पांचलाख गरिबको जिबनस्तर माथि उठायौ। अब हामिले नयां रोजगारको सृजना र निर्यात बृद्धिको आर्को चरणवाट समृद्धि प्राप्त गर्नेछौ ”

# समृद्धि प्राप्त गर्नेबारे राजनेता?

## ७. महाथिर, मलेशिया

“सन २०2० सम्ममा मलेशिया एकताबद्ध, उच्च नैतिकमुल्य, लोकतान्त्रिक, उदारवादी, प्रगतिसील र सहनसील समाज र गतिशिल अर्थतन्त्र भएको बिकसित र समृद्ध देश हुनेछ”

## ८. नरेन्द्रमोदी, भारत

“सन २०१८ को संघीय बजेट भारत समृद्धिको एक टेलर हो । यसले १२ करोड किसान, तीन करोड मध्यम बर्ग र ४० करोड अनैापचारीक क्षेत्रमा कामगर्ने कामदारको समृद्धिको सपना बोकेको छ”

# समृद्धिको अनुभूती

- जवान आज्ञाकारी रहनु र आँफ्नो आर्थिक उन्नति हुनु समृद्धि हो । सैनिक जनरल
- पदउन्नती हुनु र धन कमाउनु समृद्धि हो । प्रसाशक

# समृद्धि प्राप्त गर्ने माध्यम बारे निष्कर्ष

नागरिकले प्राप्त गरेको ज्ञानलाई सिपमा बदल्ने, सिपलाई रोजगारमा बदल्ने, रोजगारलाई उत्पादनमा बदल्ने, उत्पादन बाट आउने लाभांस मानब कल्याण र नबप्रर्बतनमा लगाउने र उत्पादन प्रकृयालाई निरन्तर अद्याबिधक गरी परिस्कृत गर्नु समृद्धि प्राप्त गर्ने उत्तम माध्यम हो।

## बिक्रम सम्बत २१०० मा गण्डकी प्रदेशको अपेक्षित समृद्धि कस्तो हो ?

१. उच्च्च र समतामुलक आय (प्रतिब्याक्ति आय १५,७२९ अ.डलर)।

२. मानबपुंजी निर्माण तथा संभावनाको पुर्ण उपयोग।

३. सर्बसुलभ तथा आधुनिक पूर्बाधार एबंम सघन अन्तरआबद्धता।

४. उच्च्च उत्पादन र उत्पादकत्व।

## बिक्रम सम्बत २१०० मा गण्डकी प्रदेशको अपेक्षित सुख कस्तो हो ?

- परिष्कृत तथा मर्यादीत जीवन
- सुरक्षित, सभ्य र न्यायपूर्ण समाज
- स्वास्थ्य र सन्तुलित पर्यावरण
- सुशासन
- सवल अर्थतन्त्र
- राष्ट्रिय एकता, सुरक्षा र सम्मान

# समृद्धिका अल्पकालिन, मध्यकालिन, र दीर्घकालिन लक्ष्य

| क्रम संख्या | समृद्धिका सूचक | ईकाइ | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेशका लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २१०० | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २०८७ | बि.सं २१०० |
| १ | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ६.८ | ९.६ | १०.५ | ७.१ | १०.२ | १०.५ | ११.० |
| २ | कुल ग्राहस्थ उत्पादन | रु अरब | ३४६४ | ५६१५ | | २८८ | ४६८ | ८५७ | ३६७० |
| ३ | प्रतिव्यक्ति कुल आय | अ.डलर | १०४७ | १५९५ | १२१०० | १०४३ | १९५६ | ३७२१ | १५७२९ |
| ४ | कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २७.० | १९.४ | ९.० | २८.२ | २३.७ | १७.० | ८.५ |
| ५ | कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | १६.७ | ३०.० | १४.२ | २२.४ | ३०.० | ५२.९ |
| ६ | कुल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६४.२ | ६१ .० | ५७.६ | ५३.९ | ५३.० | ३८.६ |
| ७ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ६ | ३ | ९ | ४ | २ | १ |
| ८ | रोजगारिमा औपचारिक क्षेत्रको अंस | प्रतिशत | ३६.५ | ५० | ७० | ३९.९ | ५५ | ६५ | ७५ |

# समृद्धिका अल्पकालिन, मध्यकालिन, र दीर्घकालिन लक्ष्य

| क्रम संख्या | समृद्धिका सूचक | ईकाइ | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेशका लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २१०० | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २०८७ | बि.सं २१०० |
| ९ | राष्ट्रिय/प्रादेशिक लोकमार्ग (कालोपत्रे) | किमि | ६९७९ | १५००० | ३३००० | ९३७ | ३४५० | ६९५० | १२९३७ |
| १० | बिद्युतमा पहुँच पुगेका घरपरिवार | प्रतिशत | ९०.७ | ९९ | १०० | ८२.५ | १०० | १०० | १०० |
| ११ | प्रतिब्याक्ति विद्युत खपत | किलोवाट घण्टा | १९८ | ७०० | ३५०० | १९० | ७५० | १७०० | ३८०० |
| १२ | जलविद्युत उत्पादन जडित क्षमता | मेगावाट | १०२० | ५००० | ४०००० | ४४८.५ | ३००० | ६००० | ९००० |
| | | | | | | | | | |

# सुखका अल्पकालिन, मध्यकालिन, र दीर्घकालिन लक्ष्य

| क्रम संख्या | सुखका सूचक | ईकाइ | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेशका लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २१०० | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २०८७ | बि.सं २१०० |
| १ | गरिबीको रेखामुनी रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ११ | १ | १४.९१ | ७.४ | २ | ० |
| २ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७ | ०.६२ | ०.७६ | ०.५९ | ०.६५ | ०.७० | ०.७८ |
| ३ | आँफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८५.३ | ८९ | | ८१.७ | ८६ | ९५ | ९५ |
| ४ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २६.३ | १३ | | १६.९ | १० | १ | १ |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका घरपरिवार | प्रतिशत | ४८.२ | ७० | १०० | ५६ | ८० | ९० | १०० |
| ६ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | ६० | १०० | २३ | ६० | ८० | १०० |
| ७ | हेलो सरकारमा/हेलो मुख्यमन्त्रीमा प्राप्त उजरीको फछ्र्यौट | प्रतिशत | ४८.१३ | ९८ | ९९ | ५३ | ९९ | ९९ | ९९ |

# गण्डकी प्रदेश समृद्धिका मुख्य संबाहक र सहयोगीहरु



# प्रदेशका उच्च प्राथमिकता प्राप्त आयोजनाहरु

## उच्च प्राथमिकता प्राप्त आयोजनाहरु

१. प्रदेश सदरमुकाम पोखराबाट स्थानीयतह केन्द्र जोडने सडक
२. ३६ निर्बाचन क्षेत्र सडक
३. भिमाद दुम्किबास त्रिबेणी सडक
४. प्रदेश औद्योगिक क्षेत्र तल्लो पुडीटार
५. प्रदेश औद्योगिक क्षेत्र लोकाहाखोला
६. फेवाताल संरक्षण
७. गण्डकी बिश्व बिद्यालय
८. गण्डकी प्राबिधिक प्रतिष्ठान
९. उच्च उचाई खेलकुद तालिम केन्द्र
१०. अन्तराष्ट्रिय सम्मेलन केन्द्र
११. प्रदेश प्रशासनिक केन्द्र
१२. एक घर एक धारा
१३. गण्डकी प्रदेश उज्यालो प्रदेश
१४. गरिबी निबारण
१५. मुख्यमन्त्री जलबायुमैत्री कृषि कार्यक्रम
१६. सूचना प्रबिधी पार्क

## संघसंग स्रोत माग गरिएका रुपान्तरणकारी आयोजनाहरु

१. पोखरा महानगरपालिका र सुक्लागण्डकी नगरपालिका बिच पर्ने तल्लो पुडिटारमा प्रदेश औद्योगिक क्षेत्रको स्थापना
२. भिमाद दुम्किबास त्रिबेणी सडक
३. ८२८ मेगावाटको उत्तरगंगा जलशाययुक्त बिद्युत आयोजना
४. फेवातालको संरक्षण र सौन्दर्यकरण आयोजना
५. मुटु, मृगौला, र क्यान्सर रोगको उपचार गर्ने बिसिष्टकृत अस्पताल
६. व्यवसायिक कृषि विकास आयोजना

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## १. संगठन संरचना

- ३२ वटा कानुनको निर्माण
- १५० भन्दाबढी कार्यबिधीको निर्माण
- १४३ कार्यलयको स्थापना र संञ्चालन
- प्रदेश समन्वय परिषद
- प्रदेश समन्वय परिषद राजनितिक सहजिकरण समिति
- स्थानीय तहमा कानुन निर्माण सहजिकरण समिति
- स्थानीयतहमा योजना तर्नुमा सहिजकरण समिति
- मन्त्रालयस्तर बिकास समस्या समधान समिति
- प्रदेश बिकास समस्या समधान समिति
- दिगो विकास लक्ष्य निर्देशक समिति
- दिगो विकास लक्ष्य समन्वय, अनुगमन तथा मूल्यांङ्कन समिति

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## १. संगठन संरचना

- प्रदेश सचिवस्तरीय अनुगमन तथा मूल्यांङ्कन समिति
- प्रदेश नीति तथा योजना आयोग
- गण्डकी बिश्व बिद्यालय
- प्रदेश विकास परिषद्
- प्रदेश दुग्ध बिकास बोर्ड

### निर्माणाधिन

- प्रदेश प्रशासनिक प्रशिक्षाण केन्द्र
- प्रदेश बिकास प्राधिकरण
- ताल प्राधिकरण
- गण्डकी बिज्ञान तथा प्रबिधि प्रतिष्ठान
- गण्डकी कला साहित्य प्रतिष्ठान
- प्रदेश लोकसेवा आयोग
- गण्डकी प्राबिधिक प्रतिष्ठान

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## २.योजना तर्जुमा

- प्रथम पञ्चबर्षिय योजनाको प्रारम्भिक प्रतिबेदन प्रकासन
- प्रदेशको स्थितिपत्र प्रकासन
- पञ्चबर्षिय योजनाको आधारपत्र प्रकासन
- पञ्चबर्षिय योजना
- दिगो बिकास लक्ष्यको आधार तथ्याङ्क प्रतिबेदन प्रकासन
- अल्पकालिन, मध्यकालिन, र दीर्घकालिन लक्ष्यको निर्धारण

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## ३. पर्यटन

- पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गर्न नेपाल सरकारमा सिफारिस
- प्रदेशको प्रमुख पर्यटकीय ब्राण्ड "गर्विलो गण्डकी (Glorious Gandaki)" तयार गरिएको
- ११० वटा प्रमुख पर्यटकीय गन्तव्यको सचित्र पुस्तिका प्रकाशन गरिएको
- गण्डकी प्रदेश भ्रमण गरेका बाह्य पर्यटकको गणना गर्ने र अभिलेख राख्ने कार्यको थालनी गरिएको
- २०७५-२०७६ मा ४,००,०८४ बाह्य पर्यटकले यस प्रदेशको भ्रमण गरेका

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## ३. पर्यटन

- आन्तरिक पर्यटन वर्ष २०१९
- छिमेकी पर्यटक आकर्षण पर्यटन वर्ष २०२०
- अन्तर्राष्ट्रिय पर्यटन वर्ष २०२२
- पोखराबाट अन्य ६ वटै प्रदेशका राजधानीलाई हवाई उडानबाट जोड्नका लागि प्रयास भएको
- २७३ वटा होमस्टेहरूलाई पुँजीगत अनुदान दिइएको
- ५०.३ किलोमिटर बराबरका ५७ वटा पदमार्गको निर्माण, मर्मत सम्भार र सौन्दर्यीकरण गरिएको
- ७३ वटा धार्मिक पर्यटकीय स्थलको मर्मत, सम्भार तथा सुधार गरिएको छ
- कालीगण्डकीको उद्गमस्थल दामोदरकुण्डदेखि गजेन्द्रमोक्षधामसम्मको अवस्थितिको आकृति झल्किने गरी ५० मिटर लामो सुरुङ्ग निर्माण गरिएको

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## ४. उर्जा

- गण्डकी प्रदेश उज्यालो प्रदेशको लक्ष्य हासिल गर्न २४ वटा विद्युत बिस्तार योजनाको निर्माण कार्य शुरु गरिएको र २० वटा ठेक्का सम्झौताको प्रक्रियामा रहेको
- प्रशारण लाईन पुयाउन नसकिने ७ वटा स्थानीय तहका ११६० घरधुरीलाई सोलार बत्ति दिने ब्यबस्था गरिएको
- काठे पोल विस्थापन गर्ने नीति अनुरुप प्रदेशभित्रका ५१ वटा स्थानीय तहलाई १४७७० स्टिल पोल उपलब्ध गराइएको
- १३ लघु जलबिद्युत आयोजना को मर्मत गरिएको र ३३मर्मतको क्रममा रहेको

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## ५. कृषी

- कृषितर्फ १६३ पकेट क्षेत्र विकास कार्यक्रम तथा २७ ब्लक स्थापना गरी कार्यक्रम सञ्चालन गरिएको
- तरकारी, च्याउ, मौरीपालन, मसला बाली, चिया तथा कफी र फलफूल खेतीमा २८६ मोडेल फार्म विस्तार
- ४५० पशुपक्षी मोडेल फार्म विस्तार गरिएको
- माछापालनतर्फ २४ मोडेल फार्म विस्तार गरिएको
- ७२ वटा मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ स्थापना गरी सञ्चालन गरिएको
- २६ शितगृह निर्माण गरिएको
- १७ दुग्ध चिस्यान केन्द्र स्थापना गरिएको

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## ५. कृषी

- ६ जिल्लामा १४ कृषि उपज बिक्री केन्द्र स्थापना
- प्राङ्गारिक मुल उत्पादन गर्न गण्डकी ऊर्जा प्रा. लि. र इको नेष्ट प्रा. लि. लाई मेशिनरी औजार खरिदमा अनुदान
- तनहुँको आँबुखैरेनी र स्याङजाको राम्दीमा विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला स्थापना गरी विषादी अवशेष मापन गरिदैं आएको
- गण्डकी गाईपालन तथा अनुसन्धान केन्द्रको स्थापना सम्बन्धी कार्य प्रारम्भ भएको
- कृषि इन्क्युवेसन सेन्टरको स्थापना गरीएको
- एक सहकारी - एक उत्पादन कार्यक्रम अगाडी बढाईएको
- १३ हेक्टर जमिनमा चक्लाबन्दी सम्पन्न भएको १५० हेक्टरमा चक्लाबन्दी कार्यक्रम सञ्चालन भईरहेको
- स्याङजा जिल्लाको अर्जुनचौपारी र गोरखाको अजिरकोट गाउँपालिकामा एकीकृत वस्ती वस्ती विकासको कार्य भईरहेको ।

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## ६. उद्योग

- १३ स्थानीयतहमा उद्योग्राम स्थापना गर्ने कार्य प्राभम्भ भएको
- कास्कीको पुडिटार र नवलपुरको लोकाहा खोलामा प्रदेश स्तरिय औद्योगिक क्षेत्र स्थापना गर्ने कार्य भईरहेको
- गोरखाको च्यांङ्गलीमा सघ प्रदेश स्थानीयतह र निजिक्षेत्रको संयुक्त लगानिमा औद्योगिक क्षेत्र स्थापना गर्न प्रारम्भिक कार्य अगाडि बढाएको
- ३,७७० जनालाई उद्यमसिल तालिम दिइएको
- २,४३० लघुउद्यमीलाई थप तालिम प्रदान गरीएको

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## ६. उद्योग

- १०१२१ उद्योग दर्ता
- १०११८ वाणिज्य फर्म दर्ता
- ६,१०३ उद्योग नवीकरण
- ६,३८४ वाणिज्य फर्म नवीकरण
- २,१९० उद्योग तथा वाणिज्य फर्मको नामसारी/ ठाँउसारी गरिएको छ।
- उपभोक्ता हित संरक्षण निर्देशनालयमा **बिजनेस इन्कुवेसन सेन्टर**को स्थापना गरी सञ्चालनमा ल्याइएकोछ
- नवलपुरको हुप्सेकोटमा रहेको धौवादी फलाम कम्पनी लिमिटेडमा १५ प्रतिशत शेयर (६० करोड रुपैयाँ) खरिद गर्न सक्ने व्यवस्थाका लागि नेपाल सरकारसमक्ष अनुरोध गरिएको छ
- प्रदेश ब्याबसाय मञ्चको गठन गरिएको छ

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## ७. भौतिक पूर्वाधार

- ९८ किलोमिटर सडक पक्की (कालोपत्रे र ढलान) गरिएको छ
- १२३ किलोमिटर सडक ग्राभेल गरिएको छ
- आगामी २ वर्षभित्र सम्पन्न गर्ने गरी ५५२ किलोमिटर सडक कालोपत्रे गर्न बहुवर्षीय ठेक्का सम्झौता गरी निर्माण कार्य भइरहेको छ
- १९ सडक पुलको निर्माण कार्य सम्पन्न गरिएको छ
- डिजाइन बिल्डतर्फ ३ सडक पुलको ठेक्का सम्झौता गरिएको छ।
- आगामी २ वर्षभित्र १४५ सडक पुल निर्माण सम्पन्न गर्ने गरी कार्य भइरहेको छ

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## ७. भौतिक पूर्बाधार

- २३,७०० खानेपानीका धारा निर्माण गरिएको छ।
- ९४० आयोजना निर्माणाधीन छन ।
- २,८४७ हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याइएको छ
- १२१ सिँचाइ आयोजनाको निर्माण कार्य भइरहेको छ
- १५७ आयोजना कार्यान्वयन गरी २६ किलोमिटर लामो तटबन्ध निर्माण गरी १९७ हेक्टर जमिनको उकास भएको छ
- ११६ आयोजनाको निर्माण कार्य भइरहेको छ
- आवासविहीन विपन्न परिवारका लागि जनता आवास कार्यक्रम अन्तर्गत १,३२० घर निर्माण गरी हस्तान्तरण गरिएको छ
- ८१५ घर निर्माणको कार्य भई रहेको छ
- ३६ शहीदपार्क/मनोरञ्जन स्थल, ११ सार्वजनिक शौचालयको निर्माण सम्पन्न भएकोछ
- १९ बहुउद्देश्यीय सभाहल निर्माणाधीन रहेका छन्

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## ७ निर्माणधिन भौतिक पूर्वाधार

- क्रिकेट रङ्गशाला
- आर्युबेद अस्पताल
- प्रदेश अस्पताल
- बहुसांस्कृतिक ग्राम
- उच्च उचाई खेलकुद तालिम केन्द्र
- गल्फकोर्स
- सूचना प्रबिधि पार्क

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## ८. मानब संसाधन

- गण्डकी विश्वविद्यालय स्थापना
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ जारी भएको छ
- गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना गर्न १४७ रोपनी जग्गा प्राप्त भएको छ
- १० वटा ज्येष्ठ नागरिक आश्रमको पूर्वाधार **निर्माण** तथा क्षमता विस्तार गरिएको छ
- १६ स्थानीय तहमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन गरिएको छ
- मानव सेवा आश्रम तथा ४ वटा ज्येष्ठ नागरिक आश्रमको पूर्वाधार निर्माण गरिएको छ
- १०२ वटा बाल विकास केन्द्रको सुदृढीकरणका गरिएको छ
- १७५ विद्यालयमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ
- पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा गरिएको छ
- यस प्रदेशभित्रका स्थानीय जातिहरूको बाहुल्यता भएका स्थानको अध्ययन प्रतिवेदन, २०७६ तयार गरिएको छ
- प्रदेशमा प्रयोगमा रहेका भाषाको संरक्षण र सम्वर्द्धन गर्न “प्रदेशभित्र बोलिने भाषाहरूको प्रोफाइल, २०७६” तयार गरिएको छ।

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## ८.मानब संसाधन

- कावासोतीमा रहेको थारु संग्रहालयको स्तरोन्नति गरिएको छ
- गोरखाको लिगलिगकोटमा सांस्कृतिक सङ्ग्राहलय स्थापना गर्ने गुरुयोजना तयार गरिएको छ
- १३ गाउँपालिकामा खेल मैदानको पूर्वाधार निर्माण गरिएकोछ
- ७ स्थानमा नगरस्तरीय रंगशालाको पूर्वाधार निर्माणमा सहयोग गरिएको छ
- ३८०६ जनालाई छोटो अवधिको रोजगारमूलक तालिम दिइएको छ
- १३ गर्भवती महिलालाई एयर लिफ्टिङ्ग गरिएको छ

# गण्डकी प्रदेशका दुई बर्षका उपलब्धि

## ९. सुशासन

- १३९ वटा कार्यालय, कर्मचारीको कुल दरबन्दी संख्या २,८१२, दरबन्दीको पदपूर्ति स्थिति २,०३४ र रिक्त पद संख्या ७७८ रहेको छ
- हेलो मुख्यमन्त्री कक्षमा प्राप्त ६५० गुनासामध्ये ५८३ (९०%) गुनासा फछ्र्यौट भई ६७ (१०%) गुनासा फछ्र्यौटको क्रममा रहेका छन्
- जनतासँग मुख्यमन्त्री कार्यक्रम पाक्षिक रुपमा सञ्चालन गरिएको छ
- मुख्यमन्त्रीको प्रत्यक्ष निर्देशनमा रहने गरी विशेष कक्ष सञ्चालनमा ल्याइएको छ
- प्रदेश सरकारका सबै मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन कार्य योजनाको प्रगति अनुगमन गर्न विद्युतीय अनुगमन प्रणाली सञ्चालनमा ल्याइएको छ।

# समस्या

## समस्या: बिकास निर्माणको लागि जग्गा प्राप्त नभएको

प्रदेशले माग गरेको तर प्राप्त भैनसकेका जग्गाहरु

१. गण्डकी बिश्व बिद्यालय, बेलचौतार, तनहुं

२. सूचना प्रबिधि पार्क, पोखरा महानगरपालिका एघारजाति

३. आयुरबेद अस्पताल, पोखरा महानगरपालिका कन्ननीडाडा

४. उच्च उचाई खेल तालिम केन्द्र, बाह्रगाउ, मुस्ताङ्ग

५. प्रदेश औद्योगिक क्षेत्र पोखरा महानगरपालिका वडा नं ३३ र शुक्लागण्डकी नगरपालिका बिचको तल्लो पुडिटार क्षेत्र

६. प्रदेश औद्योगिक क्षेत्र, लोकाहा खोला, नवलपुर

७. बहुसांस्कृतिक ग्राम, पोखरा महानगरपालिका पामदुरकोट

८. गल्फकोर्ष, पोखरा महानगरपालिका जौबारी

## समस्या समधानका उपाय

- जिल्ला स्थित प्रमुख जिल्ला अधिकारीको संयोजकत्वको समितिले सिफारिस गरी पठाएको जग्गा प्रदेश सरकारको निर्णय अनुसार संघीय मन्त्रीपरिषदले स्विकृति दिने ब्यबस्था गर्न उपयुक्त हुने

# समस्या

## समस्याः संबिधानमा प्रष्टरुपमा प्रदेशका एकल अधिकार क्षेत्र भित्र पर्ने राष्ट्रिय वनलाई नयाँ वन ऐनले अतिक्रमण गरेको

राष्ट्रिय वन प्रदेशको एकल अधिकार क्षेत्र भित्र पर्ने र सोहि ब्यबस्था अनुसार जिल्ला वन कार्यलय प्रदेश अन्तरगत रहेको तर नयाँ वन

ऐनले जिल्ला वन अधिकृतलाई संघ अन्तरगत लगि प्रदेशको क्षेत्रअधिकार अतिक्रमण भएको

## समस्या समधानका उपाय

वन ऐन संसोधन गरी जिल्ला वन अधिकृत प्रदेश मातहत रहने ब्याबस्था गर्ने

| बिकास समस्या | समधानका उपाय |
| --- | --- |
| राजस्व बाँडफाँड समन्यायीक छैन<br>संघ ७० प्रतिशत<br>प्रदेश १५ प्रतिशत<br>स्थानीय तह १५ प्रतिशत<br>१०० प्रतिशत | नयाँ बाँडफाँडको ब्यबस्था<br>संघ ५० प्रतिशत<br>प्रदेश ३० प्रतिशत<br>स्थानीय तह २० प्रतिशत<br>१०० प्रतिशत |
| रोयल्टी बाँडफाँड समन्यायीक छैन<br>संघ ५० प्रतिशत<br>प्रदेश २५ प्रतिशत<br>स्थानीय तह २५ प्रतिशत<br>१०० प्रतिशत | नयाँ बाँडफाँडको ब्यबस्था<br>संघ ४५ प्रतिशत<br>प्रदेश ३० प्रतिशत<br>स्थानीय तह २५ प्रतिशत<br>१०० प्रतिशत |
| संघीय मन्त्रालयबाट रु हजार सम्मका आयोजना ससर्तमा दिने गरेको | ससर्तमा एक करोड भन्दा बढी रकमका आयोजना मात्र दिने ब्यबस्था हुन उपयुक्त हुने |
| संघबाट हस्तान्त्रण भएका आयोजनाको लागि श्रोतको ब्याबस्था नभएको | आयोजना हस्तान्त्रण हुँदा स्रोत सहित हस्तान्तरण हुन उपयुक्त हुने |
| | |

# ध्यानपूर्बक सुनिदिनु भएकोमा धन्यवाद